"समृद्ध बगनासकाली गाउँको सार : समग्र विकासको दिगो आधार"

# बगनासकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय



चिर्तुङ्गधारा, पाल्पा।



२०८२/०४/२०

# बगनासकाली गाँउपालिकाको आ व ०८१/८२ को हाल सम्मको प्रगति विवरणका साथै गाँउपालिकाद्धारा गरिएका असल अभ्यासहरु



# १ – गाउँपालिकाको परिचय

पूर्वः रम्भा गाउँपालिका

पश्चिमः तानसेन नगरपालिका

उत्तरः कालीगण्डकी नदी

दक्षिणः माथागढी गाउँपालिका

जनसंख्याः १८,४९७ जना


क्षेत्रफलः ८४.१६ ब.कि.मि.

घरपरिवारः ५,११५

विद्यालयः ३७ वटा

स्वास्थ्य संस्थाः ११ वटा

खेतीयोग्य जमिनः ४५%



# १ – गाउँपालिकाको परिचय

- जिल्ला सदरमूकाम देखि ३ किलोमिटर उत्तरपूर्वमा रहेको छ ।
- साविकका ९ वटा गा.वि.स.हरू यस गाउँपालिका समावेश छन् ।
- गाउँपालिकाको नामकरण बगनास पर्वत, बगनासथोक, बगनासदेवी, बगनासे चापी तथा पवित्र कालीगण्डकी नदीको संयोजनबाट भएको हो ।
- विभिन्न कला, संस्कृति, भाषा, धर्म, जातजातिहरुको समिश्रण छ ।
- कृषि र धार्मिक पर्यटनका क्षेत्रमा परिवर्तनको प्रशस्त सम्भावना छ ।

# चालु आ.व.को बजेट विनियोजन र खर्चको अवस्था

| क्र.स. | विवरण | चालु (रकम रु.हजारमा) | पूंजिगत (रकम रु. हजारमा) | जम्मा (रकम रु.हजारमा) |
|---|---|---|---|---|
| १ | वार्षिक विनियोजन | ३७१०९५ | १९८८०७ | ५६९९०२ |
| २ | निकासा | ३३७५३८ | १७१२९९ | ५०८८३८ |
| ३ | खर्च | ३३७५३८ | १७१२९९ | ५०८८३८ |
| ४ | वित्तिय प्रगति प्रतिशत | ९०.९६ | ८६.१६ | ८९.२८ |

विषय क्षेत्रगत रुपमा

रकम रु. हजारमा

| क्र.स. | क्षेत्र/उपक्षेत्र | वार्षिक विनियोजन | खर्च | खर्च % | |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १९४४४ | १६८२६ | ८६.५४ | |
| २ | सामाजिक विकास | ३५३१७९ | ३१९९९८ | ९३.२५ | |
| ३ | पूर्वाधार विकास | ९०२६९ | ७०६६४ | ७८.२८ | |
| ४ | सुशासन र अन्तर सम्बन्धित क्षेत्र | १२८४९ | १०५४९ | ८२.१० | |
| ५ | विपद् व्यवस्थापन | १००२४ | २६५९ | २६.५२ | |
| ६ | कार्यालय सञ्चालन र प्रशासनिक खर्च | १०४१६१ | ९०७९८ | ८७.१७ | |
| ७ | जम्मा | ५८१९२६ | ५११४९४ | ८७.८९ | |

आर्थिक बर्ष : 2081/82

## श्रोतगत बजेट तथा खर्च

| क्र. सं. | बजेटको शीर्षक | बजेटको स्रोत | आय अनुमान | आम्दानी | चालु बजेट | चालु खर्च | चालु खर्च प्रतिशत | पुँजीगत बजेट | पुँजीगत खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | समानीकरण अनुदान | नेपाल सरकार | ९२४०० | ८४७८६ | ११०५५ | ९२२८ | ८३।४७ | ८१३४५ | ७०४३० | ८६।५८ | |
| 2 | सशर्त अनुदान | नेपाल सरकार | ३२७१७७ | ३२७१७३ | २३६९४४ | २२०१८५ | ९२।९३ | ९०२३३ | ८२३२९ | ९१।२४ | |
| 3 | समपुरक अनुदान | नेपाल सरकार | ६५०० | ५००४ | ० | ० | ०।०० | ६५०० | ५००४ | ७६।९८ | |
| 4 | बिशेष अनुदान | नेपाल सरकार | ० | ० | ० | ० | ०।०० | ० | ० | ०।०० | |
| 5 | समानीकरण अनुदान | लुम्बिनी प्रदेश | ६१४९ | ६१४९ | ३२४० | १५६५ | ४८।३० | २९०९ | २३७७ | ८१।७१ | |
| 6 | सशर्त अनुदान | लुम्बिनी प्रदेश | ७८०० | ३९३६ | ८०० | ६७५ | ८४।३८ | ७००० | ३२६१ | ४६।५९ | |
| 7 | समपुरक अनुदान | लुम्बिनी प्रदेश | ७००० | ४८८६ | ० | ० | ०।०० | ७००० | ४८८६ | ६९।८० | |
| 8 | बिशेष अनुदान | लुम्बिनी प्रदेश | २५०० | १९९२ | ० | ० | ०।०० | २५०० | १९९२ | ७९।६८ | |
| 9 | राजस्व वाँडफाँड | नेपाल सरकार | ८२०३० | ८२४३४ | ८११६० | ७३९४९ | ९१।१२ | ८७० | ७३३ | ८४।२५ | |
| 10 | राजस्व वाँडफाँड | लुम्बिनी प्रदेश | ३८४६ | ६०९७ | ३८४६ | ३२४९ | ८४।४८ | ० | ० | ०।०० | |
| 11 | राजस्व वाँडफाँड | स्थानीय | २५२० | २६५१ | २५२० | १८८१ | ७४।६४ | ० | ० | ०।०० | |
| 12 | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ३१९८० | २८११६ | ३१५३० | २६८०६ | ८५।०२ | ४५० | २८७ | ६३।७८ | |
| | | | ५६९९०२ | ५५३२२४ | ३७१०९५ | ३३७५३८ | | १९८८०७ | १७१२९९ | | |

# चालू आ.व. को राजश्व संकलनको अवस्था

| क्र.स. | राजश्व सकलनको लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|
| १ | ९५ लाख | १ करोड लाख ४ लाख | विभाज्य सहित |

## अघिल्लो आ.व को सँग तुलनात्मक विवरण संक्षिप्तमा

| क्र.स. | ०८०।०८१ को राजश्व संकलन | ०८१।०८२ को राजश्व संकलन | कैफियत |
|---|---|---|---|
| १ | १ करोड २५ लाख | १ करोड ४ लाख | विभाज्य सहित |

ढुङ्गा/गिट्टी/वालुवा व्यवस्थापन गरिएका र आगामी दिनका लागि तय गरीएका कार्यहरु संक्षिप्तमा

नदि जन्य निकासी तथा व्यवस्थापनका लागि समयमै सुचना प्रकाशन गरी ठेक्का लगाउने अवैध निकासी भए/गरेमा निगरानी गरी कारबाही गराउने ।

## २.१ पूर्वाधार तर्फः-

### २.१.१ सडक/ पुल

कालोपत्रे -१.७५० कि.मि
ग्राभेल - ०.७९० कि.मि
मर्मत - ३.४५० कि.मि.(कच्ची सडक मर्मत)
ट्र्याक ओपन -२.२१० कि.मि.(ढलान )
सडकमा दायाँ/बायाँ नाला निर्माण (१.२८० कि.मि.कच्ची नाली र ३.२२६ कि.मि पक्कि नाली
मिसनरी वाल -८५ मी.
पुल -नबनेको
कलभर्ट -३ वटा

## २.१.२ भवन तर्फः-

अस्पताल भवन -१ वटा(१५ सैया अस्पताल )
स्वास्थ्य चौकी/केन्द्र -२ वटा
विद्यालय भवन -नरहेको
भवन मर्मत -नरहेको
सामूदायिक भवन -६ वटा

## २.१.३ सिंञ्चाई तर्फः

२ कि.मि. सिंचाई नहर/कुलो निर्माण

२.१.४ उपभोक्ता समितिको दर्ता /नवीकरण, तालिम सम्बन्धी संक्षिप्त विवरण- २८८ वटा
२.१.५ योजना कार्यान्वयनको अनुगमन र अनुगमनमा देखिएका व्यहोरा -काम राम्रो रहेको

## २.२ सामाजिक विकासतर्फः-

### २.२.१ खानेपानी तथा सरसफाईतर्फ :

| आयोजना संख्या | इन्टेक | टंकी | धारा | पाइपलाइन | लाभान्वित जनसंख्या र सिर्जित रोजगारी संख्या |
|---|---|---|---|---|---|
| १८ | ५ वटा | ७ वटा | ४५ वटा | १२०० मीटर | ३५०० जना |

## २.३.५ कृषिसँग सम्बन्धित विवरणः

**गाउँपालिकामा सूचीकृत किसानको संख्याः**

- कृषि फर्मः २ वटा

**मल विउ वितरणको विवरणः**

- रासायनिक मल युरियाः २७४.५५ मेट्रिक टन
- डि ए पिः ४६.८५ मेट्रिक टन,
- कृषि जैविक मल वितरणः ३३.३२ मेट्रिक टन,
- मकै मूल बीउ वितरणः ६.६५ क्वीन्टल,

**मूल विउ उत्पादनको कार्यक्रमको संक्षिप्त विवरणः**

- बालीः मकै र जातः मनकामना-३
- उत्पादक सहकारीः श्री शिवशक्ति बीउ विजन सहकारी संस्था लि., ब.गा.पा.-२, पोखराथोक
- आ.व. २०८१/०८२ मा उत्पादित परिमाणः ४ मेट्रिक टन

## पालिका स्तरमा Pocket Zone को कार्यक्रम सोको क्षेत्रफल, प्रमुख वाली र उत्पादन, लाभान्वित घरधुरी र जनसंख्याः

### जोन कार्यक्रमः

-वडा नं. १,२,७,८ र ९ मा तरकारी जोन,
-वडा नं. ४,५ र ६ मा सुन्तलाजात जोन र
-वडा नं. ७,८ र ९ मा अदुवा/बेशार जोन

### पकेट कार्यक्रमः

- बालीः सुन्तला
- क्षेत्रफलः ७.५ हेक्टर
- लाभान्वित घरधुरीः ६२ वटा
- जनसंख्याः ३०० जना
- पकेट कार्यक्रम संचालक समूह/सहकारीः

१ भएरस्थान कृषक समूह, ब.गा.पा.-६, यम्घा
२ चण्डीदेवी महिला जागृती बहुउद्देश्यीय सहकारी संस्था लि., ब.गा.पा.-७, खानीगाउँ

## कृषक तालिमको विवरणः

- तालिमको विवरणः ३ दिने मौरी पालन सम्बन्धी तालिम
- सहभागि कृषकः ९० जना

## हाटबजार व्यवस्थापनः

- हाट बजार नभएको ।

## कृषि यान्त्रिकरणका लागि गरिएका कार्यहरुः

| कृषि यन्त्र उपकरणको नाम | अनुदानमा हस्तान्तरण परिमाण |
|---|---|
| मिनिटिलर | २५ |
| कुटानी पिसानी मिल | ४० |
| डिजिटल तराजु | १५ |
| मकै रोप्ने मेसिन | ५ |
| बोरा सिलाउने मेसिन | १ |
| प्लाष्टिक स्प्रेयर | १६ |

## जैविक मल/ जैविक विषादी उत्पादनका लागि कृषकहरुलाई गरिएको सहयोग र नतिजाः

- कृषि जैविक मल वितरणः ३३.३२ मे.टन (५० % अनुदानमा)
- प्रतिफलः माटोको गुणस्तरमा सुधार गर्न र उर्वराशक्ति बढाउन सहयोग पुगेको छ ।

## कृषि उत्पादनको बजारिकरणको व्यवस्थाः

- कृषि बाली वस्तुको संकलन तथा विक्रि वितरण तपसिलका सहकारी संस्थाबाट गरिएकोः
- श्री त्रिशक्ती कृषि बहुउद्धेश्यीय सहकारी संस्था लि., ब.गा.पा.-५, राम्दी
- श्री बगनासकाली बहुउद्धेश्यीय सहकारी संस्था लि., ब.गा.पा.-८, बराङ्गदी

## कृषि अनुदान उपलब्ध गराईएको विवरण:

### मागमा आधारित बाँदर अनुकुलित कृषि विकास कार्यक्रम:

- मौरीपालन: १५ जना,
- सुन्तलाजात खेती: ४ जना ,
- मसला बाली खेती: ३ जना ,
- तरकारी खेती: ३ जना

### पकेट विकास कार्यक्रम:

- मौरी पकेट: ३ कृषक समूह/सहकारी
- सुन्तला पकेट: १ कृषि सहकारी
- अदुवा पकेट: १ कृषक समूह
- गहते पकेट: १ कृषक समूह
- जम्मा लाभान्वित घरधुरी: १२० र जनसंख्या: ४८० जना

### फलफूल खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत:

- कृषकहरुलाई एभोकाडो: ३४७ आँप: ९३४ लिचि: १३८७ वटा रोपण गर्न अनुदान दिएको,

## मकै बाली प्रवर्द्धन कार्यक्रमः

- ४ वटा उन्नत मकै बीउ उत्पादक कृषक समूहलाई
- ६६५ के.जि. मूल मकै बीउ
- ७ वटा मिनिटिलर,
- १४ वटा डिजिटल तराजु,
- ४ वटा मकै रोप्ने मेसिन,
- १ वटा बोरा सिलाउने मेसिन र
- ११४ वटा त्रिपाल खरिद गर्न अनुदान सहयोग

## सुन्तलाजात फलफूल प्रवर्द्धन कार्यक्रमः

- ३०५५ वटा सुन्तला र कागती बिरुवा रोपण गर्न, सिंचाई पोखरी निर्माण, प्लाष्टिक ड्रम र प्लाष्टिक पाईप खरिदको लागि तपसिलका २ वटा कृषि समूह र सहकारीलाई अनुदान दिईएको
- तिलोत्तमा कृषि सहकारी संस्था लि., ब.गा.पा.-२, पोखराथोक र
- जलेश्वरी कृषक समूह, ब.गा.पा.-३, नायरनमतलेस

## रैथाने बाली प्रवर्द्धन कार्यक्रमः

- ३ वटा कृषक समूह तथा कृषि सहकारीः १५० के.जि. कोदो बीउ शतप्रतिशत अनुदानमा वितरण गरिएको,

## कृषि बाली लाग्ने रोगहरुको उपचारका लागि गरिएका प्रयासहरुः

- मकैको गबारो र फौजी किरा नियन्त्रणका लागि आवश्यक बिषादी वितरण गरिएको

## २.२.२.१ विध्यार्थी संख्या सम्बन्धी विवरण- शिक्षा तर्फ

| क्र. सं. | विवरण | भर्ना भएका विद्यार्थी संख्या | अन्तिम परिक्षामा सम्मिलित विद्यार्थी संख्या | कक्षा उत्तिर्ण विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ग्राम्य मा वि | १६० | १५९ | १५८ | |
| २ | जनप्रिय प्रा वि | २८ | २८ | २८ | |
| ३ | राम आ वि | १५३ | १५३ | १५३ | |
| ४ | बुद्धशान्ती सा वि | १०१ | १०१ | १०१ | |
| ५ | पिप्लेकालिका बोर्डीङ | २४ | २४ | २४ | |
| ६ | ज्योति बोर्डिङ | ३७ | ३७ | ३७ | |
| ७ | विष्णु मा वि | ११३ | १०९ | ९३ | |
| ८ | ज्ञान ज्योती सा वि | २०० | २०० | १९७ | |

## क्रमशः

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | जनता प्रा वि | ६६ | ६४ | ६४ | |
| १० | सिद्धि मा वि | १६२ | १५९ | १५६ | |
| ११ | सगरमाथा सा शै प्र | १८१ | १८० | १८० | |
| १२ | बालविकास प्रा वि | २६ | २५ | २५ | |
| १३ | नारायण प्रा वि | २९ | २९ | २९ | |
| १४ | चण्डेश्वरी प्रा वि | ९ | ९ | ९ | |
| १५ | हिमालय प्रा वि | ३८ | ३८ | ३८ | |

क्रमशः

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | हिमालय आ वि | ६९ | ६९ | ६९ | |
| १७ | राम्दी प्रा वि | ७५ | ७५ | ७५ | |
| १८ | गंगा देवि प्रा वि | २५ | २४ | २४ | |
| १९ | राम मा वि | १८३ | १७४ | १६३ | |
| २० | सरस्वती आ वि | ३७ | ३५ | ३४ | |
| २१ | दर्लमडाँडा मा वि | १६० | १६० | १५३ | |
| २२ | नर्थप्वाइन्ट बोर्डिङ | ८६ | ८६ | ८६ | |
| २३ | कानुङ प्रा वि | ११ | ११ | ११ | |

क्रमशः

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | भगवति आ वि | ९८ | ९८ | ९८ | |
| २५ | गुँगा मा वि | १२६ | १२५ | १२१ | ४ जना एस इ इ ग्रेडिङ मा संलग्न |
| २६ | सीता मा वि | ७१ | ७० | ७० | |
| २७ | बालज्योती प्रा वि | २४ | २४ | २४ | |
| २८ | अरनिको आ वि | ४२ | ४१ | ४१ | |
| २९ | खानीगाउँ मा वि | ७८ | ७८ | ७६ | २ जना एस इ इ ग्रेडिङ मा संलग्न |
| ३० | खानीगाउँ आ वि | ३१ | ३० | ३० | |
| ३१ | दैलातुङ आ वि | ३९ | ३९ | ३९ | |

## क्रमशः

| | | | | | |
|---|---|---|---|---|---|
| ३२ | वेद मा वि | ९७ | ९७ | | |
| ३३ | कालीगण्डकी इ बो | १४७ | १४७ | | |
| ३४ | बसन्त प्रा वि | ३७ | ३७ | ३७ | |
| ३५ | बसन्त आ वि | १९ | १८ | १८ | |
| ३६ | चन्द्र मा वि | २१६ | २१५ | | |
| ३७ | कालिका आ वि | ४५ | ४५ | ४५ | |

## २.२.२.२ विद्यालय संख्याः-

| विद्यालय संख्याः- | आधारभूत | माध्यमिक |
|---|---|---|
| सामुदायिक | २० | १० |
| संस्थागत | ७ | ० |
| जम्मा = ३७ | | |

## २.२.२.३ संचालित अतिरिक्त क्रियाकलाप

### राष्ट्रपति रनिङशिल्ड

बैशाखमा सम्पन्न

प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड- ४ जना विद्यार्थी सहभागी ।

### शैक्षिक क्षेत्रको अनुगमन/नियमन

-नियमित अनुगमन गरीएको

### विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धी विवरण:

विद्यार्थी कम संख्या रहेको विद्यालयबाट विद्यार्थी संख्या धेरै भएको स्थानमा शिक्षकलाइ काजमा खटाइएको ।

### स्थानीय पाठ्यक्रमका मूलभुत विषयहरु:

-स्थानीय परीचय झल्काउने भाषा सीप कला प्राकृतिक स्थान लगाएतको जानकारी राखीएको।

-स्थानीय पाठ्यक्रममा आधारीत मगर भाषाको पाठ्यक्रम निर्माण गरी लागू ।

-व्यवहारीक ज्ञानको बारेमा जानकारी राखिएको।

# दिवा खाजा :


कक्षा १- ५ का सामुदायिक विद्यालयका विद्यार्थीहरुलाइ दिवा खाजाको अनुदान विद्यालयमा पठाइ खाजाको व्यवस्था गरीएको ।

संस्थागत विद्यालयको नियमनका लागि गरिएका कार्यक्रमहरु नियमित विद्यालयको अनुगमन गरीएको ।

सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको क्षमता विकास, गुणस्तर सुधार, गुणस्तर परीक्षण, परीक्षा सञ्चालन लगाएतमा सञ्चालित तालिम परीक्षणका कार्यक्रमहरु संक्षिप्तमा तथ्याङ्कमा प्रस्तुत गर्ने ।

Item Writing Training राखीएको सहभागी संख्या ३५ विद्यालयका शिक्षक प्रश्न पत्र निर्माण कार्यशाला २ पटक सहभागी संख्या ३३ जनाका दरले रियल प्लान परीक्षाका लागि अभिमुखिकरण

# जम्मा बिरामी सङ्ख्या-३१३८१ (१२वटा स्वास्थ्य संस्थाहरुबाट सेवा दिएको नयाँ+पुरानो )




# विभिन्न खोपको विवरण:

| BCG | ROTA II | FIPV II | PCV I | DADHURA II | Full Immunization |
|---|---|---|---|---|---|
| ९५ | १९० | १९९ | १९६ | २३१ | २३१ |

**Note:** हरेक वर्ष पूर्ण खोपको सुनिश्चितता  गरिएको ।

# पाठेघरको मुखको क्यान्सर screening

| HPV DNA TEST | VIA TEST | RESULT(Positive) |
|---|---|---|
| 281( Result Pending) | 314 | 11 |




## Vitamin A Distribution

| Vitamin A (6-11 months) | Vitamin A (12-59 months) | जुकाको औषधी (12-59 months) |
|---|---|---|
| २२० | १९२१ | १९२१ |


## Institutional Delivery

| पालिका भित्र | पालिका बाहिर | जम्मा | परिणाम |
|---|---|---|---|
| १७ | १५४ | १७१ | पूर्ण संस्थागत पालिका बिगत ४ वर्ष देखि निरन्तर |

# कुपोषण screening



# दिर्घरोगको संख्या:७४ जना




| | क्यान्सर | मृगौला फेल | पक्षघात | मृगोला प्रत्यरोपण |
|---|---|---|---|---|
| Column1 | ४८ | १७ | ५ | ४ |
| महिला | २९ | ५ | २ | २ |
| पुरुष | १९ | १२ | ३ | २ |

**दिर्घरोगीलाई उपचार खर्च रु ४१६५११५/-**

# स्वास्थ्य सम्बन्धी थप विवरण :-

| विवरण | संख्या/खर्च |
|---|---|
| स्वास्थ्य वीमा | २५१२४ जना (बिमा बोर्डको तथ्यांक) |
| निशुल्क औषधी वितरण | १८,९३,०००/- मात्र |
| स्वास्थ्य सेवाको न्यूनतम सेवा मापदण्ड | ०९ वटा स्वास्थ्य संस्था (अधिकतम - ७६ न्यूनतम - ५९ ) |

## २.२.४ महिला,बालबालिका र अपाङ्गता भएका व्यक्तिहरु तर्फ

### आय-आर्जनः

"अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकलाई जिविकोपार्जन अनुदान कार्यक्रम" अन्तर्गत-९जना अपाङ्गता व्यक्तिहरूलाई प्रजनन् योग्य बाख्राका पाठी वितरण।

### क्षमता विकासः

लैङ्गिक हिंसा विरूद्ध १ दिने क्षमता विकासका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन।

सशक्तिकरणका कार्यक्रमहरू तर्फ संचालित कार्यक्रम, लाभान्वित संख्या लगायतका तथ्याङ्कहरू सहितको विवरणः

"मागमा आधारित सीप क्षमता तथा आर्थिक विकास कार्यक्रम"-५१ जना महिलाहरूलाई सशक्त बनाइएको।

### अपाङ्गता सहायता सामाग्री वितरणको विवरणः

"पालिकास्तरीय अपाङ्ग सम्बन्धी कार्यक्रम" अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूलाई वितरण गर्नका लागि ब्ल्याङ्केट र थर्मस सामग्री खरिद गरिएको।

ग र घ वर्गका अपाङ्गता परिचय-पत्र प्राप्त ११७ जना अपाङ्गता भएका व्यक्तिहरूलाई निर्वाह भत्ता स्वरूप आर्थिक सहायता उपलब्ध गराइएको।

## २.२.५ सामाजिक सुरक्षा भत्ता वितरण

सामाजिक सुरक्षा भत्ता वितरणतर्फ :

आ.व.२०८१।०८२ मा प्रथम, दोस्रो, तेस्रो र चौथो किस्ताको गरी जम्मा ३१८२ लाभग्राहीलाई १२,७२,७०,४७३.४०/- रुपैंया खर्च भएको ।

## व्यक्तिगत घटना दर्ता विवरणतर्फ :

आ.व.२०८१ साउन १ देखि २०८२ असार ३२ गतेसम्म बगनासकाली गाउँपालिकामा दर्ता भएका विवरण

(क) जन्म : ४४३

(ख) मृत्यु : १९९

(ग) विवाह : २७९

(घ) बसाईंसराइ :

आएको : १२ दर्ता र ३५ सदस्य संख्या

गएको : ८४ दर्ता र २८१ सदस्य संख्या

(ङ) सम्बन्ध विच्छेद : ३० गरी जम्मा १०४७

## २.२.७ वृद्धाश्रम, दिवा विश्राम गृह लगायत जेष्ठ नागरिकहरुका लागि संचालित कार्यक्रमको संक्षिप्त विवरण

“अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकलाई जिविकोपार्जन अनुदान कार्यक्रम” अन्तर्गत ९ जना ज्येष्ठ नागरिक व्यक्तिहरूलाई जिविकोपार्जन गर्नका लागि आय-आर्जन निम्ति प्रजनन् योग्य बाख्राका पाठी खरिद गरी वितरण गरिएको।

“पालिकास्तरीय जेष्ठ नागरिक कार्यक्रम” अन्तर्गत जेष्ठ नागरिकहरूलाई वितरण गर्नका लागि ब्ल्याङ्केट र थर्मस सामग्रीहरू खरिद गरिएको। वडागत “जेष्ठ नागरिक सम्मान कार्यक्रम” सञ्चालन ।

## २.२.८ गै.स.स सम्बन्धी

क्रियाशील गैर सरकारी संस्थाहरू:

१) सामाजिक श्रोत विकास केन्द्र, नेपाल

२) बगनासकाली पत्रकार समूह, पाल्पा

## २.२.९ बालमैत्री स्थानीय तह, पोषणमैत्री स्थानीयतह, वाल श्रमको अन्त्य, वालविवाहको अन्त्य जस्ता सञ्चालित अभियानमूलक कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण

- बाल दिवस, वातावरण दिवस लगाएतका कार्यक्रम गरीएको।

- अभिभावक विहिन बालबालिकालाइ मासिक रु १००० का दरले वार्षिक १२००० रुपैया ११ जना बालबालिकालाइ प्रदान गरिएको।

- बाल सन्जाल तथा बालकल्बका प्रतिनिधिलाइ क्षमता विकास तालिम सन्चालन गरी १८८ जना बालबालिकालाइ तालिम दिइएको ।

- स्थानीय स्काउट समिति बगनासकाली गाउँपालिकाको सहयोगमा सबै विद्यालयलाइ सहभागी गराइ विपद व्यवस्थापन तालिम सन्चालन गरीएको।

- गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयलाइ सहभागी गराइ प्रा वि स्तरीय हाजिरी जवाफ, आधारभुत तह स्तरीय चित्रकला प्रतियोगिता, आधारभुत तह स्तरीय बक्तृत्वकला प्रतियोगिता सन्चालन गरीएको, साथै मा वि स्तरीय निबन्ध लेखन प्रतियोगिता सन्चालन गरीएको ।

क्रमशः

-गाउँपालिकाका सम्पुर्ण विद्यालयका लागि प्रा वि तहमा हुने गरी खेलकुद सामाग्री वितरण गरीएको ।

-बालमैत्री अनुभव आदान प्रदान कार्यक्रमका लागि बगनासकाली गाउँपालिकाका बाल सन्जाल तथा बालक्लबका पदाधिकारीहरुलाइ सुनवल नगरपालिकामा भ्रमण तथा अन्तरक्रिया कार्यक्रम गरीएको साथै समय समयमा बगनासकाली गाउँपालिकाको आफ्नै सभाहलमा समेत अन्यत्रबाट बालमैत्री अनुभव आदान प्रदान गर्न आएको समुहसँग अन्तरक्रिया गरीएको।

-बाल विवाह न्युनिकरणका लागि विद्यालयमा गइ विद्यार्थीसँग अभियानबारे सचेतीकरण कार्यक्रम सन्चालन गरीएको।

-बालमैत्री दिगोपना सुनिश्चितताका लागि आवश्यक सूचकमा काम गरेको ।

# e"ldxLg blnt, e"ldxLg ;'s'Daf;L / cJojl:yt a;f]af;Lx?sf] lgj]bg btf{–k|ljli6 ;+Vof ljj/0f

| वडा नं. | भूमिहीन दलित(संख्या) | | भूमिहीन सुकुम्बासी(संख्या) | | अव्यवस्थित बसोबासी(संख्या) | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | दर्ता | NALCIS प्रविष्टि | दर्ता | NALCIS प्रविष्टि | दर्ता | NALCIS प्रविष्टि | कुल संख्या |
| १ | - | - | - | - | ६५ | ६५ | ६५ |
| २ | १ | १ | २ | २ | ३ | ३ | ६ |
| ३ | - | - | - | - | २ | २ | २ |
| ४ | - | - | - | - | - | - | ० |
| ५ | - | - | १ | १ | - | - | १ |
| ६ | २ | २ | - | - | - | - | २ |
| ७ | - | - | १ | १ | - | - | १ |
| ८ | - | - | - | - | २३ | २३ | २३ |
| ९ | - | - | - | - | १ | १ | १ |
| कुल संख्या | ३ | | ४ | | ९४ | | १०१ |

- निस्सा वितरण सम्पन्न भएको ।
- हकदाबी सूचना प्रकाशन भएको ।

## २.३.४ गाउँपालिकामा दर्ता / नवीकरण / सूचीकरण भएका वन उपभोक्ता समूह र वनउपभोक्ता समितिले तिरेको राजश्व, Agro Forestry सँग सम्बन्धित कार्यक्रम सञ्चालन भएको भएको विवरण

-सार्वजनिक जग्गामा वृक्षारोपणका लागि १ वटा समुह दर्ता

-समुहका सदस्यहरुलाइ क्षमता विकास कार्यक्रम समेत सन्चालन गरीयो

-बगनासकाली गा पा ७ नम्बर वडाको नाच्नेडाँडामा २५०० बिरुवा रोपण

-निजि जग्गामा कुल वृक्षारोपण- २२७४० वटा

-समृद्धिका लागि वन परियोजना अन्तर्गत लुम्बिनी प्रदेशका २५ वटा स्थानीय तहहरु मध्य बगनासकाली गाउँपालिका प्रथम भई पुरस्कार रु- १ लाख २५ हजार प्राप्त गरेको

## पशु-पंक्षी उपचारको विवरण :

| मेडकल उपचार | गाईनाको लोजिकल उपचरा | माईनर सर्जिकल उपचार | आन्तरिक परजिवि नियन्त्रण | बाह्य परजिवि नियन्त्रण | जम्मा पशुपंक्षी उपचार संख्या |
|---|---|---|---|---|---|
| १३१२३ | २१५४ | ११६५ | १४३५२३ | ११७४९९४ | ३३४९५९ |

## पशु-पंक्षीको लागि निशुल्क अैषधी वितरण संक्षिप्त विवरण

| गाई | भैसी | बाख्रा | बंगुर | कुखुरा | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| २६७८९ | ६६९९२ | १३३९८४ | ६६९९२ | ३३४९५ | ६६९९ | ३३४९६० |

## खोर निर्माण/ भकारी सुधार सम्बन्धी विवरण :

| गाईभैसी भकारो सुधार | बाख्राको खोर सुधार | बंगुरको खोर सुधार | कुखुराको खोर सुधार | जम्मा |
|---|---|---|---|---|
| ४ | ५ | ३ | २ | १४ |

# पशुपंक्षिका लागि अनुदान वितरणको विवरण :

| प्रजनन योग्य उन्नत बोका वितरण | बंगुरको पाठापाठी वितरण | कुखुराको चल्ला वितरण |
|---|---|---|
| ८ | १२ | १२३२ |

छाडा पशु-चौपाय नियन्त्रणका लागि गरिएको व्यवस्था :- नभएको

रेविज नियन्त्रण र भुस्याहा कुकुर व्यवस्थापनका लागि गरिएको प्रयासहरु:
रेविज रोग विरुद्धको खोप ।

घाँसको विउ वितरण सम्बन्धी विवरण :-नभएको

पशुपालक कृषकका लागि संचालित तालिम सम्बन्धी विवरण :- बंगुर पालन तालिम - ३ दिन
कुखुरा पालन तालिम - ७ दिन ।

पशु पकेट क्षेत्र विवरण :- पशुपंक्षी पकेट नभएको ।

## २.३.७ उद्योग/ व्यापारसँग सम्बन्धित विवरण

### उद्योगको संख्या, प्रमुख उद्योग र उपलब्ध रोजगारी

–व्यवसाय /उद्योग/ फर्म संस्था- १८

प्रमुख उद्योग -

**डाहीनी समी साबुन उद्योग बगनासकाली -९ मा  बगनासकाली नेट केबल सेवा**

### गाउँपालिकामा व्यवसाय करमा दर्ता भएका उद्योग व्यापार/ व्यवसायको संख्या र उठेको राजश्व

व्यवसाय करबाट - ६४४५०/- ।

व्यवसाय दर्ता बाट- ६७३८०/-।

### व्यापार-व्यवसायको अनुगमन सम्बन्धी विवरण:

–अनुगमन अन्तर्गत विभिन्न सबै वडाहरु १ पटक बजार अनुगमन गारिएको अनुगमनका क्रममा म्याद गुज्रिएका सामानहरु पूर्ण रुपमा जफल गरी नष्ट ।

## २.३.८ गरिबी निवारण, जिविको पार्जन र आर्थिक सशक्तिकरण सम्बन्धी

मेडेप/मेडेप्पा, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्य संघ र प्रदेश सरकारको अनुदान र गाउँपालिकाले आफ्नै लगानिमा यस क्षेत्रमा सञ्चालित आय-आर्जन सीपमूलक तालिम, रोजगारी सिर्जना लगायतका सञ्चालित कार्यक्रमको तथ्याङ्क :

- बजारीकरण सम्बन्धि तालिम लिएका बगनासकाली दुनाटरी उद्याोग दर्ता भइ संचालनमा रहेका ६ जना महिलाले रोजगार पाएको ।
- नयाँ लघुउद्यमी तर्फ "परालको चप्पल निर्माण तालिम" अन्तर्गत २३ जनालाई तालिम ।
- नयाँ लघुउद्यमी तर्फ १ महिने होजियारी सिपविकास तालिम ९जना सहभागी भइ दर्ता प्रक्रियामा रहेको ।
- कुखुरापालन तथा बंगुरपालन तालिम अन्तर्गत ३४ जनालाई तालिम दिइएको।
- स्तरोउन्ति तर्फ ब्यवसायिक कुखुरापाल तालिम अन्तर्गत १२ जनालाई उक्त तालिम दिइएको तथा फर्म दर्ता गरी संचालनमा रहेको ।
- स्तरोउन्ति तर्फ तरकारी बाली तथा मसलाबाली तालिम अन्तर्गत ९ जनालाई उक्त तालिम दिइएको तथा फर्म दर्ता गरी संचालनमा रहेको ।

## २.३.९ सहकारी नियमन सम्बन्धमा गरिएका कार्यहरुको विवरणः

- सहकारीहरुलाई नियम संगत संचालन गर्न बिभिन्न समयमा अन्तरक्रिया तथा पत्राचार गरिएको ।
- निस्क्रिय सहकारी व्यवस्थापन गर्न पत्राचार तथा छलफल गरेको ।
- सहकारी संस्थाका पदाधिकारीहरु तथा कर्मचारीहरुलाई प्रशिक्षण गरिएको।
- सहकारी शाखाबाट सहकारी संस्थाको कार्यस्थल मै गई राय सुझाब दिएको

## २.५ विपद व्यवस्थापन

| विनियोजन | खर्च | वारुण यन्त्र |
|---|---|---|
| १ करोड | रु २६,३९,७७३/-अघिल्लो आ.व.को बैंक मौज्दातबाट खर्च गरिएको । | नभएको |

## ३. प्रमुख उपलब्धी

- विपद उद्दार सामाग्री खरिद गरि प्रहरी चौकीहरुमा हस्तान्तरण गरिएको ।
- विपदमा परेका व्यक्तिहरुलाई राहत वितरण गरिएको ।
- जोखिमयुक्त बस्ती संरक्षण गरिएको ।
- भल व्यवस्थापन, पहिरो व्यवस्थापन, सडक मर्मत, खोला किनारा बाँध निर्माण गरिएको ।
- विवद व्यवस्थापनको लागि जस्तापाता, तार जाली, प्लाष्टिक  र त्रिपाल खरिद गरि विवद प्रभावित व्यक्तिहरुलाई वितरण गरिएको ।

## २.४ सुशासन र अन्तर सम्बन्धित क्षेत्र

### २.४.१ दरबन्दी विवरण

| स्वीकृत | करार | रिक्त दरबन्दी | पदपूर्ति | बाहिर दरबन्दी |
|---|---|---|---|---|
| ४६ | २५ | ३२ | २१ | १० |

### २.४.२ सार्वजनीक सुनुवाई र गुनासो व्यवस्थापन

—--कुनै पनि गुनासो नरहेको

### २.४.३ सामाजिक परीक्षण/ सार्वजनिक परीक्षण

-२८४ योजनाको सामाजिक परिक्षण

- सार्वजनिक परीक्षण सम्पन्न भएको

### २.४.५ जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास

-कुनै क्षमता विकास कार्यक्रम नभएको

### २.४.६ नगर प्रहरी

नगर प्रहरी नभएको

# बेरुजु र बेरुजु फछ्यौंट

| बेरुजु र बेरुजु फछ्यौंट (आ.व ०८०/८१) | | | | | हाल सम्म |
|---|---|---|---|---|---|
| आ.व ०८०/८१ मा कायम बेरुजु | असुल उपर गर्नु पर्ने बेरुजु | पेश्की बेरुजु | सैद्धान्तिक/ नीतिगत बेरुजु | फछ्यौंट रकम | कुल बेरुजु (हाल सम्म कायम भएको ) |
| १,३९,०१,३८३/- | ७,४३,५४१/- | १,६०,०००/- | १,२९,९७,८४२- | ४१,३३२- | ९,२३,१७,९१६/- |

गत आ.व सम्मको कुल बेरुजु -रु ८,२३,४२,८८१/-
यस आ.व सम्म कायम कुल बेरुजु -रु ९,२३,१७,९१६/-

## ६. असल अभ्यासहरु:

| क.स | अवधारणा | बजेट व्यवस्था | कार्यान्यन | उपलब्धीहरु |
|---|---|---|---|---|
| १ | दुर्घटना बिमा | गा.पा | सामुदायिक विद्यालयका विद्यार्थीहरु | विद्यार्थी दुर्घटना बीमा कार्यक्रमले सामुदायिक विद्यालयमा विद्यार्थी भर्नादरमा सकारात्मक असर पारेको छ भने निम्न आर्थिक अवस्था भएका अभिभावकमा आफ्ना बालबालिकाहरुको दुर्घटनाका कारणले गर्दा हुने आर्थिक भारलाई न्यूनीकरण गरेको छ। |
| २ | आखा शिविर | गा.पा | पालिकाका सम्पूर्ण वासिन्दाहरु | बगनासकाली गा.पा.भित्रका पहिलो पटक १० वटा बिद्यालययहरुमा निःशुल्क आँखा शिविर सञ्चालन गरी ४४०३ जनालाई सेवा दिईएको । |
| ३ | ब्लड व्यांक | गा.पा र नेपाल रेड क्रस सोसाइटी, रूपन्देही | पालिकाका भित्र आवश्यक बासिन्दाहरुलाई | रगतको अभावमा कुनै पनि नागरिकले अकालमा आफ्नो ज्यान गुमाउन नपर्ने अवस्थाको सिर्जना गरेको छ। गाउँपालिकाबासीको स्वास्थ्यमा सुधार ल्याउनु गाउँपालिकाको प्राथमिकतामा रहेको छ। |

## ७.प्रमुख समस्या र चुनौती

आन्तरिक आम्दानीको कमी वा अभावले सबै आयोजना तथा कार्यक्रमहरूलाई सम्बोधन गर्न नसक्नु ।

२) साविक गा.वि.स. देखि कार्यरत अस्थायी र स्थायी कर्मचारीको लागी सेवाको सुनिश्चितता गरी व्यवस्थापन गर्न नसक्नु ।

३) राजश्व बाडँफाँड तर्फ बजेट शिलिङ्ग प्राप्त भई योजना तथा कार्यक्रम तय भई कार्यक्रम सम्पन्न हुनु तर बजेट निकासा नहुँदा सम्पन्न योजना तथा कार्यक्रमको भूक्तानी गर्न नसकी दायित्व श्रृजना हुनु ।

# संघसँगको अपेक्षाः

आन्तरिक आय अति कम भएका स्थानीय तहहरूलाई थप बजेटको विशेष व्यवस्था गरिनु पर्ने ।

स्थानीय तहलाई आवश्यक पर्ने व्यवहारिक नमुना कानुनहरु समयमै तर्जुमा गरी उपलब्ध हुनुपर्ने ।

संघीय बजेटको समानीकरणलाई वृद्दि गर्दै लैजाने ।
न्याय सम्पादनका लागी कानुन तर्फको अधिकृत वा सहायक कर्मचारीको व्यवस्था गर्नुपर्ने।

## ८.समाधानका लागि :

### •जिल्लाबाट समन्वय हुनुपर्ने विषय

•जिल्लाका सबै स्थानीय तहमा कार्यसम्पादन हुने अधिकांश काम कारवाहीमा एक रुपता कायम राख्ने व्यवस्था मिलाउनुपर्ने ।

• मासिक समन्वयात्मक छलफल वा यस्तै कुनै विधि अपनाई समन्वयकारी भूमिकालाई व्यापक र प्रभावकारी बनाउनु पर्ने ।

• विभिन्न योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई विस्तार गरी नियमित रुपमा गर्ने, गराउँने परिपाटीको विकास गर्ने

### •प्रदेशसँग अपेक्षा

-नियमित रुपमा अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनका लागि आपसी समन्वय हुनुपर्ने ।

- योजना तथा कार्यक्रमहरु पूर्ण रुपमा सम्पन्न हुन सक्ने गरी पर्याप्त बजेटको व्यवस्था हुनु पर्ने ।

-प्रदेशले सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरूमा स्थानीय तहको अर्थपूर्ण भूमिका हुनुपर्ने । प्रदेशस्तरका कार्यालयसँगको सम्बन्धलाई सुदृढ गरिनुपर्ने ।

# केही प्रतिनिधिमुलक श्रव्य दृश्य



# केही प्रतिनिधिमुलक श्रव्य दृश्य



# बगनासकालीमा नि:शुल्क आँखा शिविर

## चार हजार भन्दा बढीको नि:शुल्क आँखा परीक्षण, ७३ जनामा मोतीबिन्दु

**पाल्पा, परेवा/** बगनासकाली गाउँपालिकामा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ। लायन्स लाकौल आँखा अस्पतालले बगनासकाली गाउँ पालिकाका सबै वडाका आँखा बिरामीलाई लक्षित गरेर फागुन १२ गतेदेखि २७ गतेसम्म शिविर सञ्चालन सम्पन्न गरेको हो ।

गाउँपालिका स्वास्थ्य शाखाको समन्वय र लायन्स लाकौल आँखा अस्पताल पाल्पाको प्राविधिक सहयोगमा पालिका भित्रका १० वटा माध्यमिक विद्यालयमा आँखा परीक्षणसम्बन्धी शिविर सञ्चालन भएको थियो । शिविरमा ४ हजार ४ सय ३ जना विद्यार्थी, अभिभावक र सर्वसाधारको आँखा परीक्षण गरिएको स्वास्थ्य शाखा प्रमुख मणिराम अधिकारीले जानकारी दिनुभयो। अधिकारीका अनुसार फागुन ११ मा वडा नम्बर १ को ग्राम्य मा.वि., फागुन १३ गते वडा २ को विष्णु मा.वि., फागुन १८ गते वडा ३ को सिद्धी मा.वि., फागुन २० गते वडा ४ को राम मा.वि., फागुन २१ गते वडा ५ को दर्लमडाडाँ मा.वि.मा शिविर सञ्चालन भएको थियो । वडा नम्बर ६ मा भने २२ फागुनमा गुँगा मा.वि. र २३ फागुनमा सीता मा.वि. गरी २ ठाउँमा शिविर सञ्चालन गरिएको थियो । गाउँपालिकाले फागुन २५ गते ६ नम्बर वडाको चन्द्र मा.वि., फागुन २६ मा ७ नम्बर वडाको खानीगाउँ मा.वि. र २७ गते



फागुनमा वडा नं. ८ को वेद मा.वि.मा शिविर सञ्चालन गरेको स्वास्थ्य शाखा प्रमुख अधिकारीले जानकारी दिनुभयो ।

शिविर सञ्चालन गरिएका वडा नम्बर १ देखि ८ सम्मका विद्यालयमा ४ हजार ४ सय ३ जनाको आँखा परीक्षण गरिएको र ७३ जनामा मोतीबिन्दु रोग लागेको लायन्स लाकौल आँखा अस्पताल पाल्पाका शायरा बेगमले बताउनुभयो। पाल्पा लायन्स लाकौल आँखा अस्पतालबाट शायरा बेगम, सन्तोष दर्जी, मिनबहादुर कार्की, मोहन शर्मा, शम्भु आचार्यलगायतको प्राविधिक टोलीले शिविरमा सहजीकरण गरेको थियो ।

गाउँपालिका स्रोतका अनुसार शिविरमा परीक्षण गर्न आउने विद्यार्थी, विद्यार्थीका अभिभावक र सर्वसाधारणलाई निःशुल्क परीक्षण गरिनुका साथै आँखाको स्क्रीनिङ्ग, चश्मा वितरण र आवश्यक औषधी पनि निःशुल्क वितरण गरिएको थियो। शिविरमा २ हजार ४ सय ३५ जनाको आँखाको स्क्रिनिङ्ग, १ हजार ८ सय ६८ जनाको ओ.पि.डी. सेवा, ७३ जना विद्यार्थीमा मोतिबिन्दु, ८१ विद्यार्थी र ३ सय ८१ समुदायका अभिभावकलाई चश्मा वितरण गरिएको थियो ।

लायन्स लाकौल आँखा अस्पताल पाल्पाले समय समयमा जिल्लाका विभिन्न क्षेत्रमा निःशुल्क आँखा शिविर सञ्चालन र अन्य सचेतनामूलक कार्यक्रम गर्दै आएको छ ।

# पाल्पाका स्थानीय तहहरूले थाले वन डढेलो नियन्त्रणको पूर्व तयारी

**पाल्पा, परेवा/** जिल्लाका स्थानीय तहहरुले वन डढेलो नियन्त्रणका लागि पूर्व तयारी थालेका छन् । जिल्लाका सामुदायिक वन, इलाका तथा निजी बनमा डढेलो लाग्न नदिन र लागेमा नियन्त्रणका लागि पूर्व तयारी शुरु भएको हो ।

डिभिजन वन कार्यालय पाल्पाले पनि डढेलो नियन्त्रणको लागि सरोकारवाला निकाय, सञ्चारमाध्यम र सामुदायिक तथा निजी बनका सरोकारवालासँग सम्भावित वन क्षेत्रमा नियमित अनुगमन गर्ने, फायरलाइन बनाउने, पातपतिङ्गर संकलन गरेर जलाउने काम गरिरहेको डिभिजन वन कार्यालयका प्रमुख नारायण देव भट्टराईले जानकारी दिनुभयो । वन डढेलो नियन्त्रणको लागि सञ्चार माध्यमबाट सचेतनामूलक कार्यक्रम प्रकाशन, प्रसारण लगायतको काम समेत नियमित भइरहेको भट्टराईको भनाई छ ।

यसैबीच जिल्लाको बगनासकाली, रिब्दी, माथागढी, गाउँपालिका, तानसेन र रामपुर नगरपालिका, रैनादेवीछहरा लगायतका गाउँपालिकाले पनि निजी तथा सामुदायिक वनहरुमा अग्नीरेखा तयार, सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिरहेको जनाएका छन्। जिल्लाका स्थानीय तहमा विपद् व्यवस्थापन समितिको नियमित बैठक, कार्यपालिका बैठकमासमेत वन डढेलो नियन्त्रणको लागि कार्यक्रम बनाएर अगाडि बढेको बताएका छन् ।

जिल्लाको रैनादेवी छहराको विपद् व्यवस्थापन समितिको बैठकमा गाउँपालिकास्तरीय विभिन्न निकायका प्रमुख तथा सरोकारवालाहरुको उपस्थिति रहेको थियो। बैठकमा गाउँपालिकाका अध्यक्ष रुक्मांगत भट्टराई, उपाध्यक्ष युवराज थापा, प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद झवाली, विभिन्न राजनीतिक दलका प्रतिनिधि, पत्रकार महासंघ पाल्पाका प्रतिनिधि, इलाका प्रहरी कार्यालयका प्रमुख तथा गाउँपालिकाका कर्मचारीहरुको सहभागिता थियो ।

गर्मी मौसम नजिकिँदै गर्दा आगलागीका घटनाको जोखिम न्यूनीकरण र आपतकालीन व्यवस्थापन कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयलाई मूख्य एजेण्डा बनाएर जिल्लाका अन्य स्थानीय तहले पनि कार्यक्रम अगाडि बढाएका छन् । डिभिजन वन कार्यालय, स्थानीय तह, सरोकारवाला निकायको साझा प्रयासबाट नै विपद् न्यूनीकरण गर्न सकिने निस्कर्ष निकाल्दै जिल्लामा स्थानीय तहहरुले वन डढेलो नियन्त्रणको पूर्व तयारीलाई अगाडि बढाएका हुन् ।

## डिभिजन वन कार्यालय पाल्पाको अनुरोधः

- सलाई, लाईटरजस्ता वस्तुहरु बालबच्चाको पहुँचभन्दा टाढा राखौं ।
- जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको खेती तथा व्यवस्थापन गरी आयआर्जन बढाऔं ।
- मानव स्वास्थ्य ठीक राख्न वातावरण स्वच्छ राखौं। समृद्धिका लागि वन, सबैको लागि वन।
- वनमा आगो नलगाऔं, वनमा आगो लागिहालेमा सबै मिलेर तत्काले निभाऔं ।
- खर खन्यानबाट आगो वनमा विस्तार भएमा खन्यान धनीलाई र वनमा आगो लगाउने कसुर गर्ने जो कोही व्यक्तिलाई वन ऐन बमोजिम तीन वर्ष कैद र साठीहजार रुपैंया सजायँ हुने भएकोले कानुनी कारवाहीबाट बचौं र अरुलाई पनि बचाऔं ।
- वातावरण स्वच्छ राख्न रुख विरुवा रोपौं र हुर्काऔं ।

*"आफूलाई सदैव सभ्य नागरिकको परिचय दिऔं ।"*

अनुरोधक :

**डिभिजन वन कार्यालय, पाल्पा**

फोन नम्बर : ०७५-५२०००२

## नसर्ने रोगहरूबारे जानकारी

*क्यान्सर, मुटु रोग, मधुमेह, दीर्घ श्वासप्रश्वासजस्ता नसर्ने रोगहरु लाग्नबाट बच्न निम्न उपायहरु अपनाऔं र दीर्घजीवन यापन गरौं ।*

**जिल्लावासीहरुमा निम्न अनुरोध गर्दछौं :**

- चुरोट, बिडी, खैनी, गुट्खा तथा सुर्तिजन्य पदार्थ सेवन नगरौं ।
- जाँड, रक्सी, वाइन, बियर आदि सेवन नगरौं ।
- दैनिक कम्तीमा आधा घण्टा पसिना आउनेगरी हिंड्ने, व्यायाम, खेलकूद तथा काम गर्ने गरौं ।
- शरीरको तौल बढी भए घटाऔं ।
- अन्न, दाल, गेडागुडी, दूध, माछा, बोसो नभएको मासु, अण्डा, हरियो सागपात, फलफूल, सन्तुलितरुपमा खाने गरौं ।
- नुन दैनिक ५ ग्राम भन्दा कम खाने गरौं ।
- मानसिक तनाव कम गरौं, चिल्लो बोसेयुक्त: खाद्य पदार्थ कम खाने गरौं ।
- नियमितरुपमा स्वास्थ्य परीक्षण गराऔं ।
- कुनै शारीरिक समस्य भए चिकित्सक तथा स्वास्थ्यकर्मीको सल्लाहअनुसार समुचित औषधीको प्रयोग गरौं ।

अनुरोधक: स्वास्थ्य कार्यालय, पाल्पा

Pan No.: 611958965 'Apex I.T. Consult' Regd. 2076/077-5380

Palpa Sunrise Computer

Tansen Municipality-3, Bhagawatitole, Thadogalli Tinkune, Tansen, Nepal

Computer Course

1. Basic Computer Course-3 Month
2. Proficiency in Computer Application-7 Month
3. Diploma in Graphics Designing-12 Month
4. Diploma in Web Page Designing-12 Month
5. Diploma in Computer Application-18 Month
6. Diploma in Computer Programing-24 Month
7. Hardware & Networking -12 Month
8. Online Application
9. Tally Erp.
10. Email/Internet/Typing(English, Nepali)

Contact Person : Mrs. Ambika Pandey

IMEpay khalti iPay eSewa Tally Office 365

# आखा शिविर संचालन तस्बिर










# अभिभावक विहिन बालबालिका तथा संरक्षक सँग अन्तरक्रिया सा
# अभिभावक विहिन बालबालिकालाई शैक्षीक सामग्री वितरण।






- सा.सु भत्ता वडा बाटै वितरण तथा स्वास्थ्य शिविर सञ्चालन












30/03/2025 11:10


" समृद्ध बगनासकाली गाउँको सार : समग्र विकासको दिगो आधार "
" स्थानीय स्रोत साधनको सदुपयोग गरौं, सीप सिकौं, आम्दानीमा वृद्धि गरौं। "
गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम
(MEDPA)
आ.व.२०८१/०८२
उद्यमशिलता विकास तालिम
आयोजक
बगनासकाली गाउँपालिका
चिर्तुङ्गधारा, पाल्पा
मिति:२०८१/१२/
स्थान:




(MEDPA)
04/04/2025 14:48


सुन्तलाजात फलफूल पकेट विकास कार्यक्रम
सुन्तलाजात फलफूल विरुवा
तथा सामाग्री वितरण कार्यक्रम
मिति: २०८२/०३/०२ गते















३ नं. वडा कार्यालय
नागरिक वडापत्र
बगनासकालीगाउँपालिका
३ नं. वडा कार्यालय



# गत आ.व. मा कार्य सम्पादनको आधारममा बगनासकाली गाउँपालिका प्रथम घोषणा

## १,२५,०००/- मा कर कट्टा गरी

## ९३,७५०/- प्राप्त


चेक खिचेको मितिले पन्ध्र दिन भित्र भुक्तानी लिनु पर्नेछ।
CHEQUE SHALL BE ENCASHED WITHIN FIFTEEN DAYS OF ISSUE

नेपाल राष्ट्र बैंक चेक
NEPAL RASTRA BANK

A/C Payee
NPR 93750 ONLY

Date मिति: १ ७ ० ३ २ ० ८ २
Day/ गते Month/ महिना Year/ साल

Pay against this cheque to / श्री: बगनासकाली गाउँपालिका, पाल्पा — Or Bearer / वा वाहकलाई

the sum of / रकम (अक्षरमा): रु. त्रियान्नब्बे हजार सात सय पचास मात्र — भुक्तानी दिनुहोला।

९३,७५०.००

खाता नं.: / A/c No.: 1201200.001.006.524
KO.LE.NI.KA. BABARMAHAL
(BINIYOJAN)

Please do not write or sign below this line
यो धर्का भन्दा तल नलेख्नु होला।

100644435 7 0001 1200 0000 1 20 1 20000 1006524

धैर्यता पूर्वक ध्यान दिनु भएको




मा हार्दिक धन्यवाद ।

जय बगनासकाली ।